# कृषि तथा वन विज्ञान विश्वविद्यालय
## कर्मचारी नियुक्ति एवम वढुवाका आधार, कार्यसम्पादन मूल्याङ्गन तथा कार्य क्षमता अङ्क विभाजन एवम सिफारिस सम्बन्धी कार्यविधि

कृषि तथा वन विज्ञान विश्वविद्यालय
सेवा आयोग
२०७०

# विषयसूची


| परिच्छेद | विषय |
|---|---|
| १. | प्रारम्भिक |
| २. | सिफारिश सम्बन्धी कारवाही |
| ३. | प्रतियोगिताका प्रकार र अनुपात |
| ४. | सिफारिशका आधार तथा पूर्णाङ्क विभाजन |
| ५. | शैक्षिक योग्यताको अङ्क विभाजन र अन्य व्यवस्था |
| ६. | सेवा अनुभव र भौगोलिक क्षेत्रमा काम गरे वापतको अङ्क |
| ७. | तालिम अनुभव वापतको अङ्क |
| ८. | लिखित परीक्षा |
| ९. | कार्य सम्पादन र कार्य क्षमता मूल्याङ्कन |
| १०. | अर्न्तवार्ता |
| ११. | योग्यताक्रमको सूचि तथा सिफारिश |
| १२. | समान अङ्क प्राप्त गरेका उम्मेदवारहरुको योग्यताक्रम सूचि सम्बन्धि व्यवस्था |
| १३. | सिफारिश बदर हुने व्यवस्था |
| १४. | उम्मेदवार हुन नपाउने व्यवस्था |
| १५. | विविध |
| अनुसूचि १ | भौगोलिक वर्गीकृत क्षेत्रका जिल्लाहरु |
| अनुसूचि २ | कार्य सम्पादन र प्रशासनिक क्षमता मूल्याङ्कन |

# कृषि तथा वन विज्ञान विश्वविद्यालय कर्मचारी नियुक्ति एवं बढुवाका आधार, कार्य सम्पादन मूल्याङ्कन तथा कार्य क्षमता अङ्क विभाजन एवम् सिफारिश सम्बन्धी कार्यविधि
# २०७०

कृषि तथा वन विज्ञान विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा सम्बन्धी नियमावलि २०६९ को दफा ६ को उपदफा (२) र (३) ले दिएको अधिकार प्रयोग गरी कृषि तथा वन विज्ञान विश्वविद्यालय कार्यकारी परिषदको सिफारिशमा कृषि तथा वन विज्ञान विश्वविद्यालय सेवा आयोगले "कृषि तथा वन विज्ञान विश्वविद्यालयमा कर्मचारी नियुक्ति एवं बढुवाका आधार, कार्यसम्पादन मूल्याङ्कन तथा कार्य क्षमता अङ्क विभाजन एवं सिफारिश सम्वन्धी कार्यविधि २०७०" देहाय अनुसार तोकेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम कृषि तथा वन विज्ञान विश्वविद्यालय कर्मचारी नियुक्ति एवं बढुवाका आधार, कार्य सम्पादन मूल्याङ्कन तथा कार्य क्षमता अङ्क विभाजन एवं सिफारिश सम्बन्धी कार्यविधि, २०७० रहेको छ। यसलाई संक्षेपमा **"कर्मचारी नियुक्ति सिफारिश कार्यविधि, २०७०"** भनिने छ।

(ख) यो कार्यविधि ............ गते उप्रान्त प्रकाशित हुने विज्ञापन देखि लागु हुनेछ।

**१.२ परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "**ऐन**" भन्नाले कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन २०६७ सम्झनु पर्छ।

(ख) "**नियम**" भन्नाले कृषि तथा वन विज्ञान विश्वविद्यालयका प्रचलित नियमहरू सम्झनु पर्छ।

(ग) "**विश्वविद्यालय**" वा कृ.ब.वि. भन्नाले कृषि तथा वन विज्ञान विश्वविद्यालय सम्झनु पर्छ।

(घ) "**कार्यकारी परिषद्**" भन्नाले कृषि तथा वन विज्ञान विश्वविद्यालयको कार्यकारी परिषद सम्झनु पर्छ।

(ङ) "**सेवा आयोग**" भन्नाले कृषि तथा वन विज्ञान विश्वविद्यालयको सेवा आयोग सम्झनु पर्छ।

(च) "**अध्यक्ष**" भन्नाले कृषि तथा वन विज्ञान विश्वविद्यालय सेवा आयोगका अध्यक्ष सम्झनु पर्छ।

(छ) "**सदस्य**" भन्नाले कृषि तथा वन विज्ञान विश्वविद्यालय सेवा आयोगका सदस्य सम्झनु पर्छ।

(ज) "**प्रतियोगिता**" भन्नाले सेवा आयोगद्वारा लिईने बढुवा, आन्तरिक विशेष खुल्ला प्रतियोगिता सम्झनु पर्छ।

(झ) "**लिखित परीक्षा**" भन्नाले सेवा आयोगद्वारा लिईने प्रतियोगितात्मक लिखित परीक्षा सम्झनु पर्छ।

(ञ) "**कर्मचारी**" भन्नाले विश्वविद्यालयका कर्मचारी सम्झनु पर्छ। यस शब्दले सेवा आयोगको प्रतियोगितामा सम्मिलित हुन न्यूनतम योग्यता पुगेका उम्मेदवार कर्मचारी वा व्यक्ति समेत जनाउँछ।

(ट) "**अनुसूची**" भन्नाले यसै कार्यविधिको अनुसूची सम्झनु पर्छ।

(ठ) "**योग्यता**" भन्नाले विभिन्न तहको कर्मचारी पदमा नियुक्तिको लागि तोकिएको योग्यता सम्झनु पर्छ।

(ड) "**अङ्क**" भन्नाले सेवा आयोगबाट यसै कार्यविधिमा उल्लेख भए वमोजिम प्रदान गरिने अङ्क सम्झनु पर्छ।

**१.३** ऐन वा नियममा प्रयुक्त शब्द र वाक्यांशहरू यस कार्यविधिमा प्रयुक्त भएकोमा प्रसंगवश अर्को अर्थ नलागेमा ती शब्द र वाक्यांशहरूको व्याख्या सोही अनुरुप गरिनेछ।

## परिच्छेद २
## सिफारिश सम्बन्धी कारवाही

२.१ नियममा अन्यथा स्पष्ट व्यवस्था भएकोमा वाहेक कार्यकारी परिषदले स्थायी पदपूर्तिको लागि तोकी पठाएको पद, पदको संख्या र प्रतियोगिताको किसिमका आधारमा सेवा आयोगले कर्मचारीको नियुक्तिको लागि सिफारिश सम्बन्धी कारवाही सुरु गर्नेछ र साधारणतया ६ महिनाभित्र सिफारिशको कारवाही टुङ्गो लगाई सक्नेछ ।

२.२ **विज्ञापन र आवेदन फारामः**

(क) नियुक्ति तथा बढुवाका लागि सिफारिश गरिने तोकिएका विभिन्न पद, तिनको संख्या, सबै प्रकारको न्यूनतम योग्यता एवं प्रतियोगिताको किसिम समेत खुलाई सेवा आयोगले राष्ट्रिय स्तरको पत्र-पत्रिकामा समेत विज्ञापन प्रकाशित गर्नेछ ।

(ख) विज्ञापन अनुसार आवेदन दिने म्याद विज्ञापनको प्रथम प्रकाशनको मितिबाट कम्तिमा ३५ दिनको हुनेछ । त्यसपछि दोब्बर दस्तुर तिरेर थप ७ दिनसम्म आवेदन फाराम भर्ने म्याद कायम रहनेछ । तर यसरी दोब्बर दस्तुर तिरेर आवेदन फाराम भर्ने म्याद थप गरिएको अवधि वा पछि विज्ञापनमा कुनै संशोधन गरी वा नगरी जुनसुकै कारणले आवेदन फाराम भर्ने म्याद थप गरिएको भए सो थप अवधिलाई समेत आधार मानि उमेर, शैक्षिक योग्यता, तालीम, अनुभव र सेवा अवधि कुनै पनि प्रयोजनका लागि गणना गरिने छैन ।

(ग) विज्ञापन वमोजिम न्यूनतम योग्यता पुग्ने उम्मेदवारहरूले आवेदन फाराम तोकिएको म्याद भित्र सेवा आयोगको कार्यालयमा बुझाई सक्नुपर्नेछ ।

(घ) म्याद भित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लेखित शर्तहरू पूरा नभएको आवेदन फाराममा कुनै कारवाही गरिने छैन ।

(ङ) सेवा आयोगले प्रतियोगिताका लागि आवेदकहरू मध्येबाट योग्य उम्मेदवारको नामावली प्रतियोगिता हुने दिनभन्दा कम्तीमा १५ दिन अगाडि प्रकाशित गर्नेछ । साथै, प्रतियोगिता हुने मिति र स्थान बारे प्रतियोगिता हुने दिन भन्दा कम्तीमा पनि १५ दिन अगाडि राष्ट्रिय स्तरका पत्र-पत्रिका मार्फत सूचना प्रकाशित गर्नेछ ।

(च) सेवा आयोगमा दाखिला भइसकेका आवेदन, आवेदन दस्तुर र सम्बन्धित संलग्न कागजात फिर्ता गरिने छैन ।

(छ) पदपूर्तिको लागि विज्ञापन गर्दा आवेदन फारामको ढाँचा सेवा आयोगबाट तोकिए वमोजिम हुनेछ ।

परिच्छेद ३

# प्रतियोगिताका प्रकार र अनुपात

## ३.१ प्रतियोगिताको प्रकार

सेवा आयोगले बढुवा, आन्तरिक प्रतियोगिता र खुल्ला प्रतियोगिता र विशेष प्रतियोगिताको आधारमा प्रशासनिक पदमा नियुक्तिको लागि सिफारिश गर्नेछ ।

**(क) बढुवा प्रतियोगिता :**

१. बढुवा हुने पदको श्रेणीभन्दा एकतह मुनिको श्रेणीको पदका लागि तोकिएको आवश्यक न्यूनतम् शैक्षिक योग्यता र बढुवा हुने पदको एक तह मुनिको पदमा कम्तीमा ५ वर्ष स्थायी सेवा अवधि पुरा भएका विश्वविद्यालयका कर्मचारीहरूले मात्र आफ्नो सेवासमूहको एकतह माथिको पदको बढुवा प्रतियोगिताका लागि उम्मेदवार हुन पाउनेछन् ।

२. बुँदा (क) १ मा तोकिएको स्थायी सेवा अवधि गणना गर्दा वेतलवी वा असाधारण विदा लिएको अवधि, गयल भएको अवधि र विश्वविद्यालय वाहिर वेतलवी काजमा गई काम गरेको अवधि घटाई पदोन्नति हुने पदको एक तह मुनिको पदमा ५ वर्ष स्थायी सेवा अवधि पूरा भएको अवस्थामा मात्र बढुवा प्रतियोगितामा भाग लिन पाइनेछ । तर वेतलवी काजका सम्बन्धमा भएको यस प्रावधानले विश्वविद्यालयको पूर्व स्वीकृतिमा सम्बन्धन प्राप्त क्याम्पसमा वा विश्वविद्यालय अनुदान आयोगमा वा विश्वविद्यालयले खटाएको अन्यत्र वेतलवी काजमा काम गरेको सेवा अनुभव गणना गर्न भने रोक लाग्ने छैन ।

३. जुन सेवा समूह अन्तरगतका पदमा नियुक्ति भएको हो सोही सेवा समूह अन्तर्गतको एकतह माथिको पदमा मात्र बढुवाको प्रतियोगितामा भाग लिन पाइनेछ ।

४. आवेदन फाराम नभरिकन कुनै पनि कर्मचारी आफू बहाल रहेको पदभन्दा माथिल्लो पदको निमित्त स्वतः उम्मेदवार हुने छैन ।

**(ख) आन्तरिक प्रतियोगिताः**

१. पदोन्नति हुने पदका लागि तोकिएको आवश्यक न्यूनतम् शैक्षिक योग्यता र पदोन्नति हुने पदको श्रेणीभन्दा एक तह मुनिको श्रेणीको पदमा न्यूनतम् ५ वर्ष स्थायी सेवा अवधि पूरा भएका सबै सेवा समूहका कर्मचारीहरूले प्रशासन सेवा समूहको सह-प्रशासक सम्म र लेखा समूहको सह-आर्थिक नियन्त्रक सम्मका पदहरुको आन्तरिक प्रतियोगितामा भाग लिन पाउनेछन् ।

२. बुँदा (ख) १ मा तोकिएको स्थायी सेवा अवधि गणना गर्दा वेतलवी वा असाधारण विदा लिएको अवधि, गयल भएको अवधि र विश्वविद्यालय वाहिर वेतलवी काजमा गई काम गरेको अवधि घटाई बुँदा १ मा तोकिए बमोजिमको ५ वर्ष स्थायी सेवा अवधि पूरा भएको अवस्थामा मात्र आन्तरिक प्रतियोगितामा भाग लिन पाइनेछ । तर वेतलवी काजका सम्बन्धमा भएको यस प्रावधानले कृ.व.वि.को पूर्व स्वीकृतिमा कृ.व.वि.का सम्बन्धन प्राप्त क्याम्पसमा वा विश्वविद्यालय अनुदान आयोगमा वा विश्वविद्यालयले खटाएको अन्यत्र वेतलवी काजमा काम गरेको सेवा अनुभव गणना गर्न भने रोक लाग्ने छैन ।

३. तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्नाले यसै कार्यविधिको ५.४.(घ) मा तोकिए बमोजिमको शैक्षिक योग्यता बुझ्नु पर्छ ।

४. यो कार्यविधि लागू हुनु भन्दा अघि सेवामा प्रवेश गरिसकेकाहरुको हकमा सम्वन्धित विषयको शैक्षिक उपाधि सम्वन्धी वन्देज लागु हुनेछैन ।

**(ग) खुल्ला प्रतियोगिताः**

(१) तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले खुल्ला प्रतियोगितामा भाग लिन पाउने छन् । यो प्रतियोगिता खुल्ला/समावेशी आधारमा गरिनेछ । यस व्यवस्था अनुसार विश्वविद्यालय सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ५५ प्रतिशत पद सबै उम्मदवारहरूले प्रतिस्पर्धा गर्न पाउने र ४५ प्रतिशत पद महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रका उम्मेदवार बिच मात्र प्रतिस्पर्धा गराउने समावेशी आधारमा पूर्ति गर्ने व्यवस्था गरिनेछ ।

(२) विज्ञापनका निमित्त आएका पदहरूका सम्बन्धमा सवै उम्मेदवारहरूले प्रतिस्पर्धा गर्न पाउने खुल्ला प्रतियोगिताद्वारा पूर्ति गर्ने ५५ प्रतिशत पद र तोकिएको समूह (महिला, आदिवासी/ जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रका उम्मेदवारहरू) विच मात्र प्रतिस्पर्धा गराउने समावेशी आधारमा पूर्ति गर्ने ४५ प्रतिशत पदको विभाजन गर्दा भागफल दशमलवमा आएमा जुनमा बढी आउँछ त्यसैका लागि प्रतिशत निर्धारण गर्ने र दशमलव पछि दुवै समूहमा वरावर अङ्क आएमा खुल्लालाई प्राथमिकता दिने व्यवस्था गरिनेछ ।

(३) महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रका उम्मेदवारवीच मात्र प्रतिस्पर्धा गराउने समावेशी आधारमा पूर्ति गर्न छुट्याएको ४५ प्रतिशत पदलाई शतप्रतिशत मानी देहाय वमोजिम वर्गीकृत उम्मेदवारवीच छुट्टाछुट्टै प्रतिस्पर्धाका आधारमा देहाय अनुसार पद पूर्ति गरिने छः

| | |
|---|---|
| (क) महिला | ३३ प्रतिशत |
| (ख) आदिवासी/जनजाति | २७ प्रतिशत |
| (ग) मधेशी | २२ प्रतिशत |
| (घ) दलित | ९ प्रतिशत |
| (ङ) अपाङ्ग | ५ प्रतिशत |
| (च) पिछडिएको क्षेत्र | ४ प्रतिशत |

(४) समावेशीमा पर्ने हरेक वर्गीकृत समूहको पद संख्या निर्धारण गर्न सूत्र प्रयोग गर्दा भागफल दशमलवमा आएमा महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्र जुनमा बढी आउँछ त्यसैका लागि प्रतिशत निर्धारण गर्ने । दशमलव पछि महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रमा वरावर अङ्क आएमा महिलालाई प्राथमिकता दिने । आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रमा वरावर अङ्क आएमा आदिवासी/ जनजातिलाई प्राथमिकता दिने । मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रमा वरावर अङ्क आएमा मधेशीलाई प्राथमिकता दिने । दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रमा वरावर अङ्क आएमा दलितलाई प्राथमिकता दिने । अपाङ्ग तथा पिछडिएको क्षेत्रमा वरावर अङ्क आएमा अपाङ्गलाई प्राथमिकता दिने व्यवस्था गरिने छ ।

(५) माथि उल्लेखित वर्गीकृत समूह र क्षेत्रको अर्थ र प्रयोग नेपाल सरकारले किटान गरेको अर्थ र प्रयोग अनुरूप नै हुनेछ ।

## ३.२ प्रतियोगिताको अनुपात

(क) कार्यकारी परिषदवाट अन्यथा व्यवस्था भई आएमा वाहेक विभिन्न प्रतियोगिताहरूको अनुपात निम्नानुसार हुनेछः

| पूर्ति गरिने पदको तह | प्रतियोगिताको प्रकार | | |
|---|---|---|---|
| | बढुवा प्रतियोगिता | आन्तरिक प्रतियोगिता | खुल्ला प्रतियोगिता |

| | | | |
|---|---|---|---|
| सह प्रशासक वा सो सरह | ५०% | ५०% | - |
| उप प्रशासक वा सो सरह | ५०% | ५०% | - |
| सहायक प्रशासक वा सो सरह | २०% | २०% | ६०% |
| हे.अ.वा सो सरह | २०% | २०% | ६०% |
| असिष्टेण्ट वा सो सरह | - | - | १००% |

**द्रष्टव्यः** *खुल्ला प्रतियोगिता समेतबाट पद पूर्ति हुने पदहरुमा बढुवा र आन्तरिक प्रतियोगितामा आवेदन दिने उम्मेदवार नभएमा बढुवा र आन्तरिक प्रतियोगिताद्वारा पूर्ति गरिने दरवन्दी पनि खुल्ला प्रतियोगितामा थप गरी पद पूर्ति गरिने छ ।*

(ख) प्रतिशत विभाजन गर्दा भागफल दशमलवमा आएमा जुनमा वढी आउँछ त्यसैका लागि प्रतिशत निर्धारण गर्ने र दशमलव पछि खुल्ला, वढुवा र आन्तरिक प्रतियोगतामा भागफल वरावर आएमा वढुवालाई प्राथमिकता दिने तथा वढुवा र आन्तरिक प्रतियोगितामा दशमलव पछि भागफल वरावर आएमा वढुवालाई प्राथमिकता दिने व्यवस्था गरिने छ ।

(ग) बढुवा, आन्तरिक प्रतियोगिता र खुल्ला प्रतियोगिताको एकै समयमा भएको विज्ञापनको अन्तिम नतिजा प्रकाशित गर्दा सर्वप्रथम बढुवा र त्यसपछि कमश आन्तरिक प्रतियोगिता र खुल्ला प्रतियोगिताको नतिजा प्रकाशित गर्ने व्यवस्था हुनेछ ।

परिच्छेद ४

# सिफारिशका आधार तथा पूर्णाङ्क विभाजन

**४.१** कृ.व.वि. सेवामा नियुक्ति तथा बढुवाको लागि सिफारिशका आधार तथा तिनको पूर्णाङ्क विभाजन देहाय वमोजिम हुनेछ :

| क्र.सं. | सिफारिश गरिने आधार | बढुवा | आन्तरिक प्रतियोगिता | खुल्ला प्रतियोगिता |
|---|---|---|---|---|
| १. | सेवा अनुभव (जेष्ठता) | ३० | २० | |
| २. | भौगोलिक क्षेत्रमा काम गरेको अङ्क | ५ | ५ | |
| ३. | कार्य सम्पादन मूल्याङ्कन | ४० | २० | - |
| ४. | शैक्षिक योग्यता | २० | ५० | ६० |
| ५. | तालिम | ५ | ५ | - |
| ६. | लिखित | - | ७५ | ७५ |
| ७. | अन्तर्वार्ता | - | २५ | १५ |
| | **पूर्णाङ्क** | **१००** | **२००** | **१५०** |

परिच्छेद ५

## शैक्षिक योग्यताको अङ्क विभाजन र अन्य व्यवस्था

**५.१ बढुवाका लागि :**

(क) **सहायक प्रशासक** वा सो सरह र सो भन्दा माथिल्लो पदहरूको बढुवा प्रतियोगिता निमित्त शैक्षिक योग्यताको अङ्क विभाजन देहाय अनुसार हुनेछ :

| शैक्षिक योग्यता | वि. | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|---|
| एस.एल.सी. वा सो सरह | ५ | ४ | ३ | २ |
| प्रमाणपत्र तह वा सो सरह | ५ | ४ | ३ | २ |
| स्नातक वा सो सरह | ५ | ४ | ३ | २ |
| स्नातकोत्तर वा सरह | ५ | ४ | ३ | २ |
| जम्मा | २० | १६ | १२ | ८ |

(ख) हेड असिष्टेण्ट वा सो सरहका पदहरूको बढुवा प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको अङ्क विभाजन देहाय अनुसार हुनेछः

| शैक्षिक योग्यता | वि. | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|---|
| एस.एल.सी. वा सो सरह | ५ | ४ | ३ | २ |
| प्रमाणपत्र तह वा सो सरह | ५ | ४ | ३ | २ |
| स्नातक वा सो सरह | १० | ८ | ६ | ४ |
| | २० | १६ | १२ | ८ |

**५.२ आन्तरिक प्रतियोगिताका लागि :**

**(क)** **सहायक प्रशासक** वा सो सरह र सो भन्दा माथिल्लो पदहरूको निमित्त आन्तरिक प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको अङ्क विभाजन देहाय अनुसार हुनेछ :

| शैक्षिक योग्यता | वि. | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|---|
| एस.एल.सी. वा सो सरह | ८ | ७ | ६ | ५ |
| प्रमाणपत्र तह वा सो सरह | १० | ८ | ६ | ४ |
| स्नातक वा सो सरह | १२ | १० | ८ | ४ |
| स्नातकोत्तर वा सरह | २० | १७ | १४ | ११ |
| | ५० | ४२ | ३४ | २४ |

**(ख) हेड असिष्टेण्ट वा सो सरहका पदहरूको आन्तरिक प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको अङ्क विभाजन देहाय अनुसार हुनेछः**

| शैक्षिक योग्यता | वि. | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|---|
| एस.एल.सी. वा सो सरह | १५ | १३ | ११ | ९ |
| प्रमाणपत्र तह वा सो सरह | १५ | १३ | ११ | ९ |
| स्नातक वा सो सरह | २० | १५ | १० | ५ |
| | ५० | ४१ | ३२ | २३ |

## ५.३ खुल्ला प्रतियोगिताका लागि :

(क) **सहायक प्रशासक** वा सो सरहको पदहरूको खुल्ला प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको अङ्क विभाजन देहाय अनुसार हुनेछ :

| शैक्षिक योग्यता | वि. | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|---|
| एस.एल.सी. वा सो सरह | १० | ९ | ८ | ७ |
| प्रमाणपत्र तह वा सो सरह | १२ | १० | ८ | ६ |
| स्नातक वा सो सरह | १४ | १२ | १० | ६ |
| स्नातकोत्तर वा सरह | २४ | २१ | १८ | १५ |
| | ६० | ५२ | ४४ | ३४ |

(ख) हेड असिष्टेण्ट वा सो सरहको पदहरूको खुल्ला प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको अङ्क विभाजन देहाय अनुसार हुनेछ :

| शैक्षिक योग्यता | वि. | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|---|
| एस.एल.सी. वा सो सरह | १८ | १६ | १४ | १२ |
| प्रमाणपत्र तह वा सो सरह | १८ | १६ | १४ | १२ |
| स्नातक वा सो सरह | २४ | १९ | १४ | ९ |
| | ६० | ५१ | ४२ | ३३ |

(ग) असिष्टेण्ट वा सो सरहको पदहरूको खुल्ला प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको अङ्क विभाजन देहाय अनुसार हुनेछ:

| शैक्षिक योग्यता | वि. | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|---|
| एस.एल.सी. वा सो सरह | २४ | २१ | १८ | १५ |
| प्रमाणपत्र तह वा सो सरह | ३६ | ३१ | २६ | २१ |
| | ६० | ५२ | ४४ | ३६ |

## ५.४ शैक्षिक योग्यताको सम्बन्धमा अन्य व्यवस्था:

(क) कम्पार्टमेण्टल परीक्षा उत्तीर्ण गरी प्राप्त शैक्षिक योग्यता वा उपाधिको लागि तृतीय श्रेणीको अङ्क दिइनेछ ।

(ख) कुनै श्रेणी नखुलेको शैक्षिक योग्यता वा उपाधिलाई द्वितीय श्रेणीको अङ्क दिइनेछ ।

(ग) समान तहको एकभन्दा बढी शैक्षिक योग्यता वा उपाधि हासिल गरेको अवस्थामा तीमध्ये आवेदित पदसंग सम्बन्धित एक शैक्षिक योग्यता वा उपाधिको मात्र अङ्क दिइनेछ ।

(घ) आवेदित पदका निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यता भन्नाले असिष्टेण्ट वा सो सरहका पदका निमित्त प्रवेशिका परीक्षा उत्तीर्ण, हेडअसिष्टेण्ट वा सो सरहका पदहरूका निमित्त सम्बन्धित विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण र सहायक प्रशासक वा सो सरह र सोभन्दा माथिका पदहरूका निमित्त सम्बन्धित विषयमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भन्ने बुझ्नु पर्छ ।

(ङ) आवेदित पदको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यता भन्दा माथिको सम्बन्धित विषयको कुनै एक अतिरिक्त शैक्षिक उपाधि वापत मात्र अङ्क दिइनेछ ।

परिच्छेद ६

# सेवा अनुभव र भौगोलिक क्षेत्रमा काम गरे वापतको अङ्क

## ६.१ सेवाको अनुभव (जेष्ठता) को अङ्क :

सेवा अनुभवको अङ्क प्रदान गर्दा आवेदित पद भन्दा एक तह मुनिको पदमा स्थायी भई काम गरेको प्रत्येक वर्षको लागि २ अङ्क प्रदान गरिनेछ ।

## ६.२ भौगोलिक क्षेत्रमा काम गरेको अङ्क :

देशको विभिन्न भौगोलिक क्षेत्रलाई क्रमशः क,ख,ग र घ वर्गमा विभाजन गरी प्रत्येक वर्गमा आफ्नो जिल्ला छोडी अन्य जिल्लामा रहेका कृ.व.वि.का आंगिक कलेजमा गई काम गरे वापत बढुवा प्रतियोगिताका लागि मात्र देहाय वमोजिम भौगोलिक वर्गीकृत क्षेत्रको अङ्क दिईनेछ । तर आफ्नो स्थायी ठेगाना भएको जिल्लामा काम गरेको प्रत्येक एक वर्षको लागि (घ) वर्गको भौगोलिक वर्गीकृत क्षेत्रमा काम गरेको अङ्क प्रदान गरिनेछ । भौगोलिक वर्गीकृत क्षेत्रका जिल्लाहरूको विवरण अनुसूची १ मा दिइएको छ ।

| भौगोलिक वर्गीकृत क्षेत्र | प्रति वर्ष पाउने अङ्क | अधिकतम अङ्क |
|---|---|---|
| क वर्ग | २.५ | ५ |
| ख वर्ग | २.० | ५ |
| ग वर्ग | १.५ | ५ |
| घ वर्ग | १ | ५ |

## ६.३ सेवा अनुभव (जेष्ठता) र भौगोलिक क्षेत्रमा काम गरे वापतका सम्बन्धमा थप अन्य व्यवस्था :

(क) सेवा अनुभव (जेष्ठता) को अङ्क प्रदान गर्ने सन्दर्भमा सेवा अवधि गणना गर्दा जम्मा हुन आउने अवधिमा एक वर्ष भन्दा घटी अवधिको लागि अङ्क दिइने छैन । अंक प्रदान गर्न नोकरी अवधिको गणना गर्दा अटुट रूपमा गरेको स्थायी सेवा अवधिलाई मात्र जोडिनेछ । सेवा आयोगबाट पहिलोपल्ट प्रकाशित विज्ञापन वा सूचना अनुसार आवेदन दिने अन्तिम मितिसम्मको अवधिलाई मात्र अंक दिने प्रयोजनका निमित्त गणना गरिनेछ । दोब्बर दस्तुर तिरेर आवेदन फाराम भर्ने म्याद थप गरिएको अवधि तथा पछि विज्ञापनमा कुनै संशोधन गरी वा नगरी जुनसुकै कारणले आवेदन फाराम भर्ने म्याद थप गरिएको भए पनि सो थप अवधिको आधारमा उमेर, शैक्षिक योग्यता, तालीम, अनुभव र सेवाअवधि कुनै पनि प्रयोजनका लागि गणना गरिने छैन ।

(ख) कुनै पनि भौगोलिक वर्गीकृत क्षेत्रमा एक वर्षभन्दा कम अवधिको लागि काम गरेको भएमा सो वापत कुनै अङ्क दिइने छैन । तर एकभन्दा बढी भौगोलिक वर्गीकृत क्षेत्रमा काम गरेको वर्षको अङ्क प्रदान गर्दा दुई वा दुईभन्दा बढी भौगोलिक वर्गीकृत क्षेत्रमा काम गरेको अवधि जोडी एकवर्ष पुगेमा जुन क्षेत्रमा बढी समय काम गरेको छ सोही भौगोलिक क्षेत्रको अङ्क प्रदान गरिनेछ ।

(ग) वेतलवी वा असाधारण विदा वसेको वा गयल भएको अवधिलाई सेवा अनुभव र भौगोलिक वर्गीकृत क्षेत्रमा काम गरेको अङ्क दिने प्रयोजनका लागि गणना गरिने छैन ।

(घ) अध्ययन विदा वा अध्ययन काजमा वसेकाका लागि सो अवधिको भौगोलिक क्षेत्रको नम्वर (घ) वर्ग सरहको हुनेछ ।

(ङ) विश्वविद्यालय वाहिर वेतलवी काजमा गएका कर्मचारीहरूको हकमा सेवा अनुभवको अङ्क र भौगोलिक वर्गीकृत क्षेत्रमा काम गरेको अङ्क दिने प्रयोजनका लागि सो वेतलवी काज अवधि गणना गरिने छैन तर कृ.ब.वि. को पूर्व स्वीकृतिमा कृ.ब.वि.का सम्बन्धन प्राप्त क्याम्पसमा वा विश्वविद्यालय अनुदान आयोगमा वा विश्वविद्यालयले खटाएको अन्यत्र वेतलवी काजमा काम

गरेकाको लागि भने सेवा अनुभवको अङ्क र घ वर्गको भौगोलिक वर्गीकृत क्षेत्रमा काम गरे सरहको अङ्क प्रदान गर्न रोक लाग्ने छैन ।

(च) अन्य विश्वविद्यालयबाट कृषि तथा वन विज्ञान विश्वविद्यालय सेवामा समायोजन भई आउनेको हकमा त्यस विश्वविद्यालयमा काम गरेको अवधि कृ.ब.वि.मा काम गरे सरह मानिनेछ ।

परिच्छेद ७

# तालिम अनुभव वापतको अङ्क

**७.१ तालिम अवधि र प्राप्त हुने अङ्क :**

प्रतियोगिता हुने पदभन्दा एक तह मुनिको पदमा रही मान्यता प्राप्त संस्थाबाट लिएको आवेदित पदसंग सम्बन्धित तालिम वापत देहाय वमोजिम अङ्क दिइनेछ :

| आवेदित पदसंग सम्बन्धित तालिम अवधि | पाउने अङ्क |
|---|---|
| | |
| एक महिना (३० दिन) वा सो भन्दा बढी तर तीन महिनाभन्दा कम अवधिको तालिमको लागि | ३ |
| तीन महिनाभन्दा बढी अवधिको तालिमको लागि | ५ |

**७.२ तालिम अवधि र प्राप्त हुने अङ्क सम्बन्धमा थप व्यवस्था :**

(क) तीस दिन भन्दा कम अवधिको तालिमको लागि कुनै अङ्क दिइने छैन ।

(ख) एक वा एक भन्दा वढी तालिमको अङ्क गणना गर्न सकिने छ तर जम्मा तालिम वापत पाउने प्राप्ताङ्क पूर्णाङ्क भन्दा वढी अङ्क पाउने छैन

(ग) विश्वविद्यालयबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट वा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट लिइएको तालिमको लागि मात्र अङ्क प्रदान गरिनेछ ।

(घ) तालिम आवेदित विषयसंग सम्बन्धित हो वा होइन भन्ने विषयमा आयोगबाट निर्णय भए वमोजिम हुनेछ । यस सम्बन्धमा निर्णय गर्नु पूर्व आयोगले आवश्यक ठानेमा विशेषज्ञको परामर्श लिन सक्नेछ ।

परिच्छेद ८

# लिखित परीक्षा

आन्तरिक प्रतियोगिता र खुल्ला प्रतियोगिताको माध्यमद्वारा असिष्टेण्ट वा सो सरह र सो भन्दा माथिका कुनै पनि प्रशासनिक पदहरूमा नियुक्तिको लागि सिफारिश गर्न लिखित परीक्षा लिईनेछ ।

## ८.१. आन्तरिक प्रतियोगिता

आन्तरिक प्रतियोगिता अन्तर्गत लिखित परीक्षा हुने विभिन्न पदहरूका उम्मेदवारहरूको लिखित परीक्षा ७५पूर्णाङ्कको हुनेछ । पद अनुसारको स्तर कायम रहने गरी विशेषज्ञहरूको परामर्श लिई सेवा आयोगले सम्वन्धित विषय र स्तरको लिखित परीक्षाको पाठ्यक्रम तोक्नेछ ।

## ८.२ खुल्ला प्रतियोगिता

(क) कम्प्युटर सम्बन्धी ज्ञान आवश्यक हुने पदहरुका लागि खुल्ला प्रतियोगिता अन्तर्गत स्थायी पदपूर्ति गर्दा कम्प्युटर प्रयोग सम्बन्धी ज्ञानको परीक्षण गरी योग्य ठहरिएका उम्मेदवारहरूलाई मात्र लिखित परीक्षामा सम्मिलित गराईनेछ । कम्प्युटर प्रयोगसम्बन्धी ज्ञानको प्रयोगात्मक परीक्षाको पाठ्यांश सेवा आयोगले तोके बमोजिम हुनेछ ।

(ख) खुल्ला प्रतियोगिता अन्तर्गत लिखित परीक्षा हुने विभिन्न पदहरूका उम्मेदवारहरूको लिखित परीक्षा ७५ पूर्णाङ्कको हुनेछ । पद अनुसारको स्तर कायम रहने गरी विशेषज्ञहरूको परामर्श लिई सेवा आयोगले सम्वन्धित विषय र स्तरको लिखित परीक्षाको पाठ्यक्रम तोक्नेछ ।

**८.३** कुनै विशेष योग्यता चाहिने पद र प्राविधिकतर्फका पदहरूको लिखित परीक्षा लिनका निमित्त सेवा आयोगले छुट्टै पाठ्यक्रम निर्धारण गरी विज्ञापन प्रकाशित गर्न सक्नेछ ।

**८.४** खुल्ला र समावेशीतर्फको समान विषय र पदको लिखित परीक्षा एकै समयमा एउटै प्रश्नपत्रवाट लिइनेछ । खुल्ला वा समावेशीतर्फका समान विषय र पदका जुनसुकै वर्गमा आवेदन दिए पनि लिखित परीक्षा भने एकपल्टमात्र दिनु पर्नेछ । तर अन्तर्वार्ता भने छुट्टा-छुट्टै हुनेछ ।

**८.५** लिखित परीक्षामा ४० प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेका उम्मेदवारलाई अन्तर्वार्तामा सम्मिलित गराइने छैन ।

**८.६** लिखित परीक्षामा उम्मेदवारहरूले प्राप्त गरेको बढी प्राप्ताङ्कको आधारमा योग्यताक्रम सूची निर्धारण गरी अन्तर्वार्ताकालागि लिखित परीक्षाको नतिजा प्रकाशित गरिनेछ । अन्तर्वार्ताकालागि योग्य उम्मेदवारहरूको नामावली प्रकाशित गर्दा रिक्त दरवन्दी संख्यामा ५० प्रतिशत थप गरी प्रकाशित गरिनेछ । ५० प्रतिशत थप गर्दा संख्या दशमलवमा आएमा माथिल्लो पूर्ण अंक लिइने छ ।

**८.७** प्रयोगात्मक परीक्षा हुने पदमा पहिले प्रयोगात्मक परीक्षा लिएर योग्य भएकालाई मात्र लिखित परीक्षामा सामेल गराइने छ । प्रयोगात्मक परीक्षाको प्राप्ताङ्क अन्यत्र कतै प्रयोग गरिने छैन ।

**८.८** अन्तर्वार्ताका लागि लिखित परीक्षाको नतिजा प्रकाशित गर्ने क्रममा योग्यताक्रममा रहेका उम्मेदवारहरूमध्येबाट दफा ८.६ मा व्यवस्था भए अनुरूपको संख्यामा उम्मेदवारहरूको छनौट गर्दा योग्यताक्रममा परेको अन्तिम प्राप्ताङ्क एक भन्दा बढी उम्मेदवारहरूको समान रहेछ भने दफा ८.६ मा जे सुकै भनिएको भएता पनि योग्यताक्रममा परेका अन्तिम प्राप्ताङ्क समान भएका सवै उम्मेदवारहरूलाई लिखित परीक्षाको नतिजामा सामेल गरिने छ ।

**८.९** लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा समान श्रेणीको अथवा सो भन्दा माथिल्लो श्रेणी वा पदमा पहिले नै सिफारिश भइ सकेको भए वर्तमान लिखित परीक्षाको नतिजाबाट तथा लिखित परीक्षाको नतिजा

प्रकाशित भई अन्तर्वार्ता मात्र बांकी रहेको भए अन्तर्वार्ता सूचीबाट त्यस्ता उम्मेदवारको नाम हटाइने छ तर तल्लो श्रेणीको पदमा सिफारिश भएको भए माथिल्लो श्रेणी वा पदमा प्रतिस्पर्धा गर्न रोक लाग्ने छैन ।

**८.१०** समान स्तरका विभिन्न पदका लागि एउटै समयमा भएको भिन्दा भिन्दै विज्ञापन वा एउटै विज्ञापन अन्तर्गतकै विभिन्न पदको लिखित परीक्षाको नतिजा प्रकाशित गर्नु परेमा पहिलेको नतिजाको नामावलीमा परेकामध्ये जतिजना उम्मेदवारको नाम त्यसपछि हुने अर्को पदको नतिजामा समावेश छ त्यतिकै संख्यामा थप उम्मेदवारहरूको नाम समावेश गरी पछिल्लो नतिजा प्रकाशित गर्ने व्यवस्था हुनेछ । तर दफा ८.८ मा भएको व्यवस्था अनुरूप पहिले नै यस उपदफामा भएको व्यवस्था अनुरूपको संख्यामा उम्मेदवारहरूको नाम थप भई सकेको रहेछ भने अरु थप नाम समावेश गरिने छैन ।

**८.११** विभिन्न पदका निमित्त समावेशी आधारमा पूर्ति गर्ने गरी भएको विज्ञापनको एउटै पदको लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा सवैभन्दा पहिले पिछडिएको क्षेत्रका उम्मेदवारहरूको नामावली प्रकाशित गरी त्यसपछि क्रमशः अपाङ्ग, दलित, मधेशी, आदिवासी/जनजाति र महिला वर्ग तथा अन्त्यमा खुल्ला समूहका उम्मेदवारहरूको नामावली दफा ८.६ मा भएको व्यवस्था अनुसार नाम थप गरेर प्रकाशित गर्ने व्यवस्था हुनेछ ।

परिच्छेद ९

## कार्य सम्पादन र कार्य क्षमता मूल्याङ्कन

**९.१.** विश्वविद्यालयले आफ्ना सवै कर्मचारीको हरेक वर्षको असार मसान्त सम्ममा कार्य सम्पादन र कार्य क्षमताको तोकिएको ढाँचामा मूल्याङ्कन गरी गोप्य रूपमा राख्ने व्यवस्था गर्नेछ । यस्तो कार्य सम्पादन अङ्क मध्ये विज्ञापन प्रकाशित भए पछि पछिल्लो चार वर्षको कार्य सम्पादन मूल्याङ्कनको औसत अङ्क कायम गरिनेछ ।

**९.२.** कर्मचारीले सेवा आयोगवाट तोकिएको ढाँचामा अन्तिम एक आर्थिक वर्षको आफ्नो व्यक्तिगत विवरण भरी तोकिएको अधिकारी समक्ष कार्यसम्पादन मूल्याङ्कनार्थ वुझाउनु पर्नेछ । सम्वन्धित अधिकारीले निज कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गरी गोप्य सिलवन्दी गरेर सेवा आयोगमा पठाउनु पर्नेछ । सम्बन्धित कर्मचारीलाई सो कार्यसम्पादन मूल्याङ्कन फारम दिइने छैन ।

**९.३.** कार्य सम्पादन र कार्य क्षमता मूल्याङ्कनको पूर्णाङ्क बढुवा प्रतियोगिताको हकमा ४० र आन्तरिक प्रतियोगिताको पूर्णाङ्क २० हुनेछ । यसको विभाजन देहाय बमोजिम हुनेछः

| | | **बढुवाको लागि** | **आन्तरिकको लागि** |
|---|---|---|---|
| (क) | सुपरीवेक्षकले | १२ अङ्कमा | ६ अङ्कमा |
| (ख) | प्रमुख मूल्याङ्कनकर्ताले | २० अङ्कमा | १० अङ्कमा |
| (ग) | पुनर्मूल्यांकन/ पुनरावलोकनकर्ताले | ८ अङ्कमा | ४ अङ्कमा |

**९.४.** तीनवटै मूल्याङ्कन छुट्टा छुट्टै हुनेछ ।

**९.५ मूल्याङ्कनकर्ता अधिकारी :-**

विश्वविद्यालयका अन्य विभिन्न कार्यालय/निकायहरूमा कार्यरत कर्मचारीहरूको मूल्यांकन तपशील बमोजिम हुने छ :-

| | | बढुवा | आन्तरिक |
|---|---|---|---|
| (क) | सम्वन्धित शाखा/युनिट प्रमुखबाट सुपरीवेक्षकका रूपमा | १२ अङ्कमा | ६ अङ्कमा |
| (ख) | सम्वन्धित निकाय प्रमुखवाट प्रमुख मूल्याङ्कनकर्ताका रूपमा | २० अङ्कमा | १० अङ्कमा |
| (ग) | पुनर्मूल्यांकन/ पुनरावलोकनकर्तावाट | ८ अङ्कमा | ४ अङ्कमा |

उपकुलपतिको कार्यालय, सेवा आयोगको कार्यालय र रजिष्ट्रारको कार्यालय अन्तर्गत कार्यरत कर्मचारीहरुको उपरोक्त वमोजिमको मूल्याङ्कन क्रमशः उपकुलपति, सेवा आयोगका अध्यक्ष र रजिष्ट्रारबाट हुनेछ । अन्य सवै कर्मचारीको पुनमूल्याङ्कन रजिष्ट्रारबाट हुनेछ ।

**९.६.** कुनै कार्यालयमा शाखा वा युनिटको व्यवस्था नभएको वा भए पनि अधिकृत स्तरको कर्मचारी नभएको वा एउटै पदका निमित्त शाखा वा युनिट प्रमुख स्वयं प्रतिष्पर्धी भएको अवस्थामा सो निकाय वा कार्यालयका सो पदका सबै कर्मचारीहरूको हकमा सम्वन्धित निकाय प्रमुखले नै सुपरीवेक्षकका रूपमा र प्रमुख मूल्याङ्कनकर्ताका रूपमा पनि त्यस्ता कर्मचारीहरूको मूल्याङ्कन गर्नु पर्नेछ । सम्वन्धित निकाय प्रमुख स्वयं प्रतिष्पर्धी भएका निकाय वा कार्यालयका सो पदका सबै कर्मचारीहरूको मूल्याङ्कन सुपरीवेक्षकका रूपमा र प्रमुख मूल्याङ्कनकर्ताका रूपमा पनि पुनर्मुल्यांकन कर्ताबाट हुनेछ ।

**९.७ कारण जनाउनु पर्ने**

दिइएका सबै वुँदाहरूमा जुनसुकै स्केलवाट मूल्याङ्कन भएको भए पनि हरेक वुँदाहरूमा कारण जनाउनु पर्दैन तर त्यसको कूल अङ्क ८० प्रतिशत भन्दा वढी वा ४० प्रतिशत भन्दा कम हुने गरी मूल्याङ्कन भएको रहेछ भने मूल्यांकनकर्ताले एकमुष्ट कारण जनाउनु पर्नेछ । कारण नजनाई ८० प्रतिशत भन्दा वढी हुने गरी मूल्याङ्कन भएको रहेछ भने अधिकतम ८० प्रतिशत अङ्क र कारण नजनाइ ४० प्रतिशत भन्दा कम हुने गरी मूल्याङ्कन भएको रहेछ भने न्युनतम ४० प्रतिशत अङ्क प्रदान गरिनेछ । त्यस्तै पुनर्मूल्यांकन/ पुनरावलोकनकर्ताबाट प्रदान गरिने एक मुष्ट अङ्कमा पनि यही प्रक्रिया लागु हुनेछ ।

**९.८** सवै कोलममा अनिवार्य रेजा लगाइ मूल्याङ्कन गर्नु पर्नेछ । कुनै कोलममा रेजा लगाएको नपाइएमा सो कोलममा सन्तोषजनक स्तर कायम गरिनेछ ।

**९.९.** कार्य सम्पादन मूल्याङ्कन फारामको ढाँचा अनुसूची २ मा दिइएको छ ।

## परिच्छेद १०
## अन्तर्वार्ताः

**१०.१** सेवा आयोगको विज्ञापन बमोजिम प्रतियोगिता हुने बढुवा बाहेकका सबै पदको लागि अन्तर्वार्ता अनिवार्य हुनेछ ।

**१०.२** अन्तर्वार्ता सम्बन्धी सूचना प्रतियोगिता हुने दिनभन्दा कम्तीमा १५ दिन अगाडि राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरिनेछ ।

**१०.३** आन्तरिक प्रतियोगिताको अन्तर्वार्ताको लागि निर्धारित २५ अङ्कको विभाजन देहाय वमोजिम हुनेछ ।

| पद | विज्ञहरूको संख्या | अन्तर्वार्ता पूर्णाङ् क | | |
|---|---|---|---|---|
| | न्यूनतम | सेवा आयोगका अध्यक्ष/सदस्य | विशेषज्ञहरू | जम्मा |
| सह प्रशासक वा सो सरह | ३ | ५ | २० | २५ |
| अन्य सबै पदहरूमा | २ | ५ | २० | २५ |

**१०.४** खुल्ला प्रतियोगिताको अन्तर्वार्ताको लागि निर्धारित १५ अङ्कको विभाजन देहाय वमोजिम हुनेछ ।

| पद | विज्ञहरूको संख्या | अन्तर्वार्ता पूर्णाङ्क | | |
|---|---|---|---|---|
| | न्यूनतम | सेवा आयोगका अध्यक्ष/सदस्य | विशेषज्ञहरू | जम्मा |
| सबै पदहरूमा | २ | ३ | १२ | १५ |

**१०.५ विशेषज्ञ सम्बन्धी थप व्यवस्थाः**

(क) विशेषज्ञहरू रोष्टरमा रहेका मध्येबाट सेवा आयोगले तोके अनुसार हुनेछ । रोष्टरमा भएका विशेषज्ञहरू उपलब्ध हुन नसकेमा सेवा आयोगले निर्णय गरी आवश्यकतानुसार अन्य विशेषज्ञ तोक्न सक्नेछ । अन्तर्वार्तामा विज्ञ छनौट गर्दा पाइएसम्म सम्बन्धित क्षेत्रका वरिष्टतम व्यक्तिहरूलाई प्राथमिकताको सूचीमा राखेर छनौट गरिनेछ ।

(ख) सेवा आयोगमा कार्यरत कर्मचारीहरू अन्तर्वार्तामा विशेषज्ञको रूपमा नियुक्त हुन सक्ने छैनन् ।

(ग) सेवा आयोगबाट सञ्चालित कर्मचारीको लिखित परीक्षा, प्रयोगात्मक परीक्षा वा अन्तर्वार्ता जस्ता कुनै पनि प्रतियोगितात्मक परीक्षामा उप-प्रशासक वा सो सरह भन्दा तल्लो पदका कर्मचारीहरू विशेषज्ञ बन्न सक्ने छैनन् ।

(घ) सहायक प्रशासक वा सो सरह र उपप्रशासक वा सो सरहका पदहरूका लागि प्राध्यापक वा सह प्राध्यापक वा नेपाल सरकार वा अन्य क्षेत्रका प्रथम श्रेणी वा सो भन्दा माथिका विषय विज्ञमात्र र सहप्रशासक वा सो सरहका पदहरूका लागि प्राध्यापक वा नेपाल सरकार वा अन्य क्षेत्रका विशिष्ट श्रेणीका विषय विज्ञमात्र विशेषज्ञ बन्न सक्नेछन् ।

(ङ) अन्तर्वार्तामा बस्ने अध्यक्ष, सदस्य तथा विशेषज्ञहरूको पति-पत्नी, छोरा-बुहारी, छोरी-ज्वाई, धर्मपुत्र र धर्मपुत्री, नाति-नातिना, बाबु-आमा वा सौतेनी आमा, सहोदर दाजु-भाई र निजका पत्नी एवं उनीहरुका छोराछोरीहरु, सहोदर दिदी-वहिनी र निजका पति एवं उनीहरुका छोराछोरी तथा विवाहित महिला कर्मचारीको हकमा निजका सासु ससुरा मध्ये कुनै नाता पर्ने भएमा त्यस्तो नाता

पर्ने व्यक्ति वा पदाधिकारी सो पदको कुनै पनि दिनको अन्तर्वार्तामा विशेषज्ञको रूपमा नियुक्त हुन सक्ने छैनन् ।

(च) सेवा आयोगका अध्यक्ष र सदस्यहरूले दिएको अङ्कको औसत र विशेषज्ञहरूले दिएको अङ्कको औसत जोडी प्राप्त हुन आएको अङ्कको जोड उम्मेदवारको प्राप्ताङ्क हुनेछ ।

(छ) सेवा आयोगका अध्यक्ष, सदस्यहरू वा विषय विशेषज्ञले उम्मेदवारलाई अन्तर्वार्ताको पूर्णाङ्कको ८० प्रतिशत भन्दा बढी र ४० प्रतिशतभन्दा घटी अङ्क दिनु परेमा सोको कारण जनाउनु पर्नेछ । यसरी कारण नखोली अङ्क दिएको पाइएमा बढीमा ८० प्रतिशत र घटीमा ४० प्रतिशत अङ्क दिएको मानी गणना गरिनेछ । साथै कारण खोलेर पूर्णाङ्कको ८० प्रतिशत भन्दा बढी र ४० प्रतिशतभन्दा घटी अङ्क दिएको अवस्थामा पनि सेवा आयोगका अध्यक्ष, सदस्यहरू तथा विषय विशेषज्ञहरू समेत गरी अन्तर्वार्ता समितिका ५० प्रतिशतभन्दा बढी सदस्यले त्यसरी कारण खुलाई अङ्क प्रदान गरेको अवस्थामा मात्र मान्य हुनेछ । अन्यथा बढीमा ८० प्रतिशत र घटीमा ४० प्रतिशत नै मानी अङ्क गणना गरिने छ ।

परिच्छेद ११

# योग्यताक्रमको सूचि तथा सिफारिश

## ११.१ योग्यताक्रमको सूचि तथा सिफारिश सम्बन्धी व्यवस्थाः

(क) उम्मेदवारहरूले प्राप्त गरेको प्राप्ताङ्क तालिकीकरण गरी योग्यता क्रमको सूची तयार गरिने र तोकिएको दरवन्दीको आधारमा नतिजा प्रकाशन गरिनेछ । बढुवा प्रतियोगिता अन्तर्गत सफल भएका उम्मेदवारहरू मध्ये अन्तिम उम्मेदवारले प्राप्त गरेको कूल अङ्क प्रकाशित गरिनेछ ।

(ख) पदपूर्तिका लागि अन्तिम नतिजा प्रकाशित गर्दा समावेशी तर्फ सिफारिश हुने उम्मेदवारहको नामावली प्राथमिकतामा राखी नतिजा प्रकाशित गरिने छ । यस अन्तर्गत सर्वप्रथम पिछडिएको क्षेत्रको नतिजा प्रकाशित गरिने र त्यस पछि क्रमशः अपाङ्ग, दलित, मधेशी, आदिवासी/जनजाति, र महिला वर्ग/समूहको नतिजा प्रकाशित गरी अन्त्यमा खुल्लाको नतिजा प्रकाशित गरिने छ । कुनै एक वर्ग/क्षेत्रमा नाम सिफारिश भएपछि अरु वर्ग/समूह वा खुल्ला समूहबाट निजको नाम स्वतः हटाइने छ ।

(ग) समावेशीतर्फ कुनै वर्गबाट उत्तीर्ण आवेदक नभएमा समावेशी वर्गमध्ये निकटतम उपल्लो (Ascending order) वर्गको उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारलाई छनौट गरिने छ । यसरी उच्चतम् अङ्क प्राप्त गर्ने उम्मेदवारको छनौट गर्दा सो वर्ग/समूहका निमित्त छुट्याइएको दरवन्दीमा कुनै असर पर्ने छैन ।

(घ) पदपूर्तिका लागि अन्तिम नतिजा प्रकाशित गर्दा समावेशीतर्फ छुट्याइएको पदमा लिखित वा अन्तर्वार्तावाट उपयुक्त उम्मेदवार सिफारिश हुन सक्ने अवस्था नरहेमा त्यस्तो पद खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गरिनेछ ।

(ङ) बढुवा तथा आन्तरिक प्रतियोगिताद्वारा नियुक्तिको लागि सेवा आयोगबाट गरिएको सिफारिश उपर चित्त नबुझेमा कृषि तथा वन विज्ञान विश्वविद्यालय शिक्षक कर्मचारी सेवा सम्बन्धी नियमावली २०६९ को दफा ६ को उप दफा (४) वमोजिम कृषि तथा वन विज्ञान विश्वविद्यालय सेवा आयोगद्वारा सिफारिश गरिएको मितिले १५ दिनभित्र कृषि तथा वन विज्ञान विश्वविद्यालय पुनरावेदन आयोग समक्ष उजुरी गर्न सकिनेछ ।

(च) बढुवा वा आन्तरिक प्रतियोगिताबाट हुने पदोन्नतिमा कुनै पनि कर्मचारी तह नाघी माथिल्लो पदका लागि उम्मेदवारी दिन पाउने छैन ।

परिच्छेद १२

## समान अङ्क प्राप्त गरेका उम्मेदवारहरूको योग्यताक्रम सूची सम्बन्धी व्यवस्था

**१२.१ समान अङ्क प्राप्त गरेका उम्मेदवारहरूको योग्यताक्रम सूचीको व्यवस्था निम्नानुसार हुनेछः**

(क) बढुवा प्रतियोगितामा बराबर अङ्क प्राप्त गरेका उम्मेदवारहरूको योग्यताक्रम निर्धारण गर्दा आवेदित पद भन्दा एक तह मुनिको पदमा स्थायी भएको वा पदोन्नति भएको जेष्ठताको आधारमा र सो पनि बराबर भएमा शैक्षिक योग्यताको महलमा बढी अङ्क आएको आधारमा गरिनेछ । यसबाट पनि जेष्ठता नछुट्टिएमा शुरु स्थायी नियुक्ति मितिको जेष्ठताको आधारमा र सोबाट पनि जेष्ठता नछुट्टिएमा उमेरको जेष्ठताको आधारमा गरिनेछ ।

(ख) आन्तरिक प्रतियोगितामा उम्मेदवारहरूको कूल प्राप्ताङ्क बराबर हुन गएमा आवेदित पदभन्दा एक तह मुनिको पदमा स्थायी भएको वा पदोन्नति भएको जेष्ठताको आधारमा र सो पनि बराबर भएमा लिखित परीक्षामा प्राप्त गरेको बढी अङ्कको आधारमा गरिनेछ । सो पनि बराबर भएमा शैक्षिक योग्यताको महलमा बढी अङ्क आएको आधारमा गरिनेछ । शैक्षिक योग्यतामा पनि बराबर भएमा अन्तर्वार्तामा विशेषज्ञ समूहबाट प्रदान गरेको बढी अङ्कको आधारमा र सोबाट पनि वरिष्ठता नछुटिएमा उमेरको जेष्ठताको आधारमा गरिनेछ ।

(ग) खुल्ला प्रतियोगितामा उम्मेदवारहरूको कूल प्राप्ताङ्क बराबर हुन गएमा शैक्षिक योग्यताको महलमा बढी अङ्क आएको आधारमा गरिनेछ । शैक्षिक योग्यतामा प्राप्त अङ्क पनि बराबर भएमा लिखित परीक्षा हुने पद भए लिखित परीक्षामा प्राप्त गरेको बढी अङ्कको आधारमा गरिनेछ । सो पनि बराबर भएमा वा लिखित परीक्षा नहुने पद भए अन्तर्वार्तामा विशेषज्ञ समूहबाट प्रदान गरेको बढी अङ्कको आधारमा र सोबाट पनि वरिष्ठता नछुटिएमा उमेरको जेष्ठताको आधारमा गरिनेछ ।

## परिच्छेद १३
## सिफारिश बदर हुने व्यवस्थाः

**१३.१ देहायको अवस्थामा कुनै पनि उम्मेदवारको सिफारिश बदर हुनेछ :**

(क) प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले नतिजालाई प्रभावित पार्ने गरी झुट्ठा विवरण दिई सिफारिश भएको पाइएमा निजको सिफारिश स्वतः रद्द हुनेछ ।

(ख) उम्मेदवारको मूल्याङ्कन तालिकामा कुनै भूलचूक भई पहिले सिफारिश वा नियुक्ति समेत भैसकेको कुनै उम्मेदवार सिफारिश वा नियुक्त हुन नसक्ने अवस्था प्रमाणित हुन आएमा सेवा आयोगले त्यस्ता उम्मेदवारको सिफारिश वदर गर्न सक्नेछ ।

(ग) बढुवा र आन्तरिक प्रतियोगितामा सम्मिलित हुन आवेदन दिएका कुनै उम्मेदवारले अन्तिम नतिजा प्रकाशन हुनुपूर्व नै विश्वविद्यालय सेवाबाट राजिनामा दिएमा वा कुनै पनि कारणले विश्वविद्यालय सेवाबाट अवकाश पाएमा त्यस्ता उम्मेदवारको आवेदन फाराम तथा सिफारिश भई सकेको भए सो सिफारिश समेत स्वतः रद्द हुनेछ ।

परिच्छेद १४

# उम्मेदवार हुन नपाउने व्यवस्थाः

## १४.१ बढुवा वा आन्तरिक प्रतियोगिताको लागि उम्मेदवार हुन नपाउने व्यवस्था :

बढुवा वा आन्तरिक प्रतियोगिताको लागि देहायको अवस्थामा देहायको अवधिभर विश्वविद्यालयको कुनै पनि कर्मचारी उम्मेदवार हुन वा रहन पाउने छैन ।

(क) निलम्वन भएकोमा निलम्वन भएको अवधिभर ।

(ख) बढुवा रोक्का गरिएको भए त्यसरी रोक्का भएको अवधिभर ।

(ग) तलव, ग्रेड वृद्धि रोक्का भएको भए त्यसरी रोक्का भएको अवधिभर ।

(घ) हालको पदमा ३ पटकसम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले १ वर्षसम्म ।

(ङ) सेवा समूह परिवर्तन भए त्यसरी सेवा समूह परिवर्तन भएको १ वर्षसम्म बढुवाका लागि उम्मेदवार हुन पाउने छैन । तर एक वर्ष पूरा भएपछि समान पदमा अन्य सेवामा गरेको अवधि पनि गणना गरिनेछ । यस प्रावधानले आन्तरिक प्रतियोगिताको लागि उम्मेदवार हुन रोक लाग्ने छैन ।

## १४.२ खुल्ला प्रतियोगिताको लागि उम्मेदवार हुन नपाउने व्यवस्थाः

खुल्ला प्रतियोगितामा देहायको अवस्थामा कुनै पनि व्यक्ति विश्वविद्यालय सेवाका लागि उम्मेदवार हुन वा रहन पाउने छैनः

(क) अधिकृत स्तरभन्दा मुनिको पदमा १८ वर्ष उमेर पूरा नभएको ।

(ख) अधिकृत स्तरका कर्मचारी तर्फ २१ वर्ष उमेर पूरा नभएका ।

(ग) ३५ वर्ष उमेर पूरा भईसकेका तर महिलाको हकमा ४० वर्ष उमेर पूरा भएका

(३) विश्वविद्यालय सेवा वा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरि सेवाबाट वर्खास्त गरिएका ।

(ङ) गैर नेपाली नागरिक ।

## परिच्छेद १५
## **विविध**

### **१५.१ परीक्षाको मर्यादा कायम गर्ने:**

प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले झुट्ठा विवरण दिएमा वा लिखित परीक्षा वा अन्तर्वार्तामा कुनै अनियमित कार्य वा मर्यादा भङ्ग गरेमा सेवा आयोगले त्यस्तो उम्मेदवारलाई निजको कसूर हेरी सेवा आयोगबाट लिइने कुनै पनि प्रतियोगितामा कुनै खास अवधिको लागि भाग लिन नपाउने गरी अयोग्य घोषित गर्न सक्नेछ ।

### **१५.२ व्याख्या र बाधा अडकाउ फुकाउने व्यवस्था:**

यो कार्यविधिको अन्तिम व्याख्या र बाधा अडकाउ फुकाउने अधिकार सेवा आयोगलाई हुनेछ ।

# अनुसूची १
## भौगोलिक वर्गीकृत क्षेत्रका जिल्लाहरू

क. वर्गका जिल्लाहरू

१. ताप्लेजुङ्ग २. संखुवासभा ३. सोलुखुम्वु ४. दोलखा (तोकिएको क्षेत्र मात्र) ५.रसुवा (तोकिएको क्षेत्र मात्र) ६. मनाङ्ग ७.मुस्ताङ्ग ८.डोल्पा ९.रुकुम १०.रोल्पा ११.जाजरकोट १२. जुम्ला १३.कालिकोट १४.मुगु १५.वाजुरा १६. हुम्ला १७. वझाङ्ग र १८. दार्चुला ।

ख. वर्गका जिल्लाहरू

१. पाँचथर २. तेर्‍हथुम ३. भोजपुर ४.खोटाङ्ग ५.ओखलढुंगा ६.रामेछाप ७.धादिङ्ग (तोकिएको क्षेत्र मात्र) ८.पर्वत ९.म्याग्दी १०.वाग्लुङ्ग ११.गुल्मी १२. अर्घाखाची १३.प्यूठान १४.सल्यान १५.दैलेख १६.अछाम १७.डोटी १८.डडेलधुरा र १९. वैतडी ।

ग. वर्गका जिल्लाहरू

१. इलाम २. धनकुटा ३.उदयपुर ४.सिन्धुली ५.गोरखा ६.तनहुँ ७.स्याङ्गजा ८.पाल्पा ९.दाङ १०.सुर्खेत ११.वर्दिया १२.कैलाली १३.कन्चनपुर १४.सिन्धुपाल्चोक र १५.लमजुङ्ग ।

घ. वर्गका जिल्लाहरू

१. झापा २. मोरङ ३.सुनसरी ४.सप्तरी ५.सिरहा ६.धनुषा ७.महोत्तरी ८.सर्लाही ९.काभ्रे १०. नुवाकोट ११.मकवानपुर १२.रौतहट १३.वारा १४.पर्सा १५.चितवन १६.नवलपरासी १७.रूपन्देही १८.कपिलवस्तु १९.वांके २०.कास्की २१.भक्तपुर २२.काठमाडौं २३.ललितपुर ।

अनुसूची २

## कार्य सम्पादन र प्रशासनिक क्षमता मूल्याङ्कन

बढुवाका लागि आवेदन दिने कर्मचारीहरूले निम्न विवरण भरी आफ्नो संगठन वा निकाय प्रमुख समक्ष प्रस्तुत गर्नु पर्नेछ । निकाय प्रमुखले यस फारमलाई प्रमाणित गरी सम्वन्धित शाखा/युनिट प्रमुख ( अधिकृतस्तर)लाई मूल्याङ्कनार्थ उपलब्ध गराई त्यहाँबाट मूल्याङ्कन भई आएपछि आफुले मूल्याङ्कन गरेर गोप्यरूपमा सेवा आयोगमा उपलब्ध गराई दिनु पर्नेछ। एकपल्ट विवरण भरी निकाय प्रमुख समक्ष प्रस्तुत भएको कार्यसम्पादन मूल्याङ्कन फारम सम्बन्धित कर्मचारीलाई फिर्ता दिइने छैन ।

**आवेदित पद :** **विज्ञापन नं.**

.................................................................................................................................

**१. व्यक्तिगत विवरण :**

कर्मचारीको नाम :

जन्म मिति :

हालको पद :

हालको पदमा नियुक्ति मिति : सेवा समुह :

शुरु स्थायी नियुक्ति मिति :

हालको संगठन/निकायमा सेवा शुरु गरेको मितिः

२. सवैभन्दा माथिल्लो शैक्षिक योग्यताः

३. तालिम,गोष्ठी आदिमा भाग लिएको विवरण (हालको पदमा नियुक्ति भए पश्चात)

४. आफ्नो कार्यस्तर अभिवृद्धिका लागि गरेको कामहरूको विवरण :

५. मान पदवी, पुरस्कार पाएको भए उल्लेख गर्ने :

६. विभागीय कारवाही भएको भए उल्लेख गर्ने :

आवेदकको सही :

.................................
संगठन/निकाय प्रमुख
मिति :

कार्यालयको छाप

## सुपरीवेक्षकले भर्ने फारम

सुपरीवेक्षकका हैसियतले कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन गर्न देहाय अनुसार उत्कृष्ट, राम्रो, सन्तोषजनक स्केलका ६ वटा बुंदाहरू दिइएको छ । मूल्याङ्कनकर्ताले प्रत्येक बुंदामा दिइएको उचित स्केल सबैमा रेजा ( ✓) चिन्ह लगाई मूल्याङ्कन गर्नु अनिवार्य हुनेछ । कुनै कोठामा रेजा नलगाएको पाइएमा त्यसमा सन्तोसजनक स्तर कायम हुनेछ । स्केलको परिभाषा निम्नानुसार हुनेछ ।

उत्कृष्ट स्केल २.००
राम्रो स्केल १.५०
सन्तोषजनक स्केल १.००

| (क) वैयक्तिक गुणहरू | उत्कृष्ट २.०० | राम्रो १.५० | सन्तोषजनक १.०० |
|---|---|---|---|
| १. नैतिकता र आचरण | | | |
| २. समयको पालना | | | |
| ३. कार्यप्रति उत्साह र लगनशिलता | | | |
| ४.अरू कर्मचारीसंग मिलेर काम गर्ने क्षमता | | | |
| ५. तोकिएको कार्य सम्पादन स्तर | | | |
| ६. निर्देशनको पालना | | | |

जम्मा प्राप्ताङ्क - अङ्कमा................. (अक्षरमा ........................................ )

कूल प्राप्ताङ्क ८० प्रतिशतभन्दा बढी (९.६ अङ्कभन्दा बढी) र ५० प्रतिशतभन्दा घटी (६ अङ्कभन्दा घटी) दिएमा औचित्यपूर्ण कारण जनाउनु पर्नेछ । कारण नजनाई कूल प्राप्ताङ्क ८० प्रतिशतभन्दा बढी वा ५० प्रतिशतभन्दा घटी दिएको पाइएमा बढीमा ८० प्रतिशत र घटीमा ५० प्रतिशत अङ्क नै कायम हुनेछ ।

..........................................................................................................................................

..........................................................................................................................................

मूल्याङ्कनकर्ताः नामः सहीः
पदः
कार्यालयः
मितिः

कार्यालयको छाप

**माथि सुपरीवेक्षकका हैसियतले मूल्याङ्कन गर्ने अधिकृत सम्वन्धित कर्मचारी कार्यरत शाखा/युनिटका प्रमुख हुन भनी प्रमाणित गरिन्छ ।**

.....................
निकाय प्रमुख

## प्रमुख मूल्याङ्कनकर्ताले भर्ने फारम

प्रमुख मूल्याङ्कनकर्ताको हैसियतले कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन गर्न देहाय अनुसार उत्कृष्ट, राम्रो, सन्तोषजनक स्केलका १० वटा बुंदाहरू दिइएको छ । मूल्याङ्कनकर्ताले प्रत्येक बुंदामा दिइएको उचित स्केल सबैमा रेजा ( ✓) चिन्ह लगाई मूल्याङ्कन गर्नु अनिवार्य हुनेछ । कुनै कोठामा रेजा नलगाएको पाइएमा त्यसमा सन्तोसजनक स्तर कायम हुनेछ । स्केलको परिभाषा निम्नानुसार हुनेछ ।

उत्कृष्ट स्केल २.००
राम्रो स्केल १.५०
सन्तोषजनक स्केल १.००

| मूल्याङ्कनका आधार | उत्कृष्ट २.०० | राम्रो १.५० | सन्तोषजनक १.०० |
|---|---|---|---|
| १.परिपक्वता | | | |
| २. कार्य सम्पादन क्षमता, निर्णय गर्न सक्ने | | | |
| ३. सृजनात्मक शैलिबाट काम गर्ने क्षमता | | | |
| ४. निकायलाई समय समयमा आई पर्ने कार्यमा सहयोग | | | |
| ५. संगठन वा निकायप्रति प्रतिवद्धता | | | |
| ६. निर्देशनको पालना | | | |
| ७..पेशागत श्रृजनशिलता र पेशागत प्रतिवद्धता | | | |
| ८. समस्या र समाधान | | | |
| ९. माथिल्लो तहको जिम्मेवारी वहन गर्न सक्ने | | | |
| १०. मातहतका कर्मचारीहरूलाई निर्देशन दिन सक्ने | | | |

जम्मा प्राप्ताङ्क - अङ्कमा................. (अक्षरमा ....................................... )

कूल प्राप्ताङ्क ८० प्रतिशत भन्दा बढी (१६ अङ्क भन्दा बढी) र ५० प्रतिशत भन्दा घटी (१० अङ्कभन्दा घटी ) दिएमा औचित्यपूर्ण कारण जनाउनु पर्नेछ । औचित्यपूर्ण कारण नजनाई कूल प्राप्ताङ्क ८० प्रतिशतभन्दा बढी वा ५० प्रतिशतभन्दा घटी दिएको पाइएमा बढीमा ८० प्रतिशत र घटीमा ५० प्रतिशत अङ्क नै कायम हुनेछ ।

...........................................................................................................................
.....
...........................................................................................................................
.....

मूल्याङ्कनकर्ताः नामः सहीः
पदः
कार्यालयः
मितिः
कार्यालयको छाप

**पुनर्मूल्याङ्कनकर्ता/पुनरावलोकनकर्ताबाट प्रदत्त अङ्क (पूर्णाङ्क ८)**

| जम्मा प्राप्ताङ्क - अङ्कमा.................. अक्षरमा ........................................ |
|---|
| पुनर्मूल्याङ्कनकर्ता/पुनरावलोकनकर्ताबाट प्रदत्त अङ्क ८० प्रतिशत (६.४) भन्दा बढी र ५० प्रतिशत (४) भन्दा घटी भएमा औचित्यपूर्ण कारण जनाउनु पर्नेछ। कारण नजनाई प्राप्ताङ्क ८० प्रतिशतभन्दा बढी वा ५० प्रतिशतभन्दा घटी दिएको पाइएमा बढीमा ८० प्रतिशत र घटीमा ५० प्रतिशत अङ्क नै कायम हुनेछ।<br>.........................................................................................................................<br>.........................................................................................................................<br>पुनर्मूल्यांकन कर्ताको सही: कार्यालयको छाप<br>मिति: |

## सेवा आयोगको कार्यालयको प्रयोजनका निमित्त

| | |
|---|---|
| सुपरीवेक्षकबाट प्रदत्त अङ्क | |
| प्रमुख मूल्याङ्कनकर्ताबाट प्रदत्त अङ्क | |
| पुनर्मूल्याङ्कनकर्ताबाट प्रदत्त अङ्क | |
| **जम्मा अङ्क** | |

**द्रष्टव्यः**

आन्तरिक प्रतियोगिताको लागि उपरोक्त अङ्कको ५० प्रतिशत कायम हुनेछ।

......................................

तयार गर्ने

................................

रुजु गर्ने

## परिशिष्ट-१

**समावेशीतर्फ छुट्याईएका पदमा दरखास्त दिँदा देहायका आधारमा दिनु पर्नेछ ।**

**१. आदिवाशी/जनजातीका हकमाः**

आदिवाशी/जनजातीका हकमा नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातीको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एक भन्दा वढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

**२. मधेशीका हकमाः**

मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके वमोजिमको संस्थावाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

**३. दलितका हकमाः**

दलितका हकमा राष्ट्रिय दलित आयोगवाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगवाट सूचिकृत भएको जाति भित्र एक भन्दा वढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नेछ ।

**४. अपाङ्गका हकमाः**

अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्वाट अपाङ्गता प्रमाणित गरेको आधारमा ।

**५. पिछडिएको क्षेत्रको हकमाः**

पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बजाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्दछ । पिछडिएको क्षेत्र समूहवाट आवेदन दिनेहरुले यहाँ उल्लेख भएका जिल्लामा स्थायी बसोवास गरी सम्वन्धित जिल्लावाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्वन्धित गाउँ विकास समिति वा नगरपालिकावाट हाल सोही स्थानमा स्थायी बसोवास भएको भनी प्रमाणित गरेको पत्र दरखास्त साथ पेश गर्नु पर्नेछ ।